## नेपाल बैंक लिमिटेडको मिति २०७७ आश्विन १९ गते सोमबारका दिन सम्पन्न भएको विशेष साधारण सभाको विवरण तथा निर्णयहरु

नेपाल बैंक लिमिटेडको विशेष साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूको सभापतित्वमा मिति २०७७ आश्विन १९ गते सोमबार तदनुसार ५ अक्टोबर २०२० का दिन प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट र भिडियो कन्फ्रेन्स/वेविनार (Virtual Zoom Meeting) बाट दिनको ११:०० बजे शुरु भई दिउँसो १:०० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण निम्नानुसार प्रकाशित गरिएको छ ।

### १. सभाको सूचना जारी :

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको २०७७ भाद्र २५ गते बिहीबार बसेको सातौं बैठकले बैंकको प्रधान कार्यालय, धर्मपथ, काठमाण्डौबाट र भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत बैंकको विशेष साधारण सभा मिति २०७७ आश्विन १९ गते सोमबार दिनको ११:०० बजे बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि बिशेष साधारण सभा सम्बन्धी सूचना मिति २०७७ आश्विन २ गतेको "गोरखापत्र" दैनिक, मिति २०७७ आश्विन ३ गतेको "अन्नपूर्ण पोष्ट" दैनिक लगायत बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको ।

### २. छलफलका विषयहरु :

#### क. विशेष प्रस्तावहरु :

१. यस बैंकको सञ्चालक समितिमा सञ्चालकको प्रतिनिधित्व सम्बन्धी साविकको व्यवस्थामा परिवर्तन गरी नेपाल सरकारबाट मनोनित हुने ४ (चार) जना सञ्चालकबाट घटाई ३ (तीन) र सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित हुने २ (दुई) जना सञ्चालकबाट बृद्धि गरी ३ (तीन) कायम गर्ने नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने । साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीलाई समयानुकूल अद्यावधिक गर्नुपर्ने भएकोले संलग्न तीन महले प्रस्ताव बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीका अन्य व्यवस्थामा संशोधन/थपघट गर्ने ।

२. बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

### ३. उपस्थिति :

#### ३.१ सञ्चालकहरु :

| | | |
|---|---|---|
| १. | श्री वासुदेव अधिकारी | अध्यक्ष |
| २. | श्री दीपेन्द्र विक्रम थापा | स्वतन्त्र सञ्चालक |
| ३. | श्री केदार प्रसाद पनेरु | सञ्चालक |
| ४. | श्री गंगा प्रसाद ज्ञवाली | सञ्चालक |

५. डा. सावित्री रञ्जित श्रेष्ठ सञ्चालक
६. श्री ओम कृष्ण श्रेष्ठ सञ्चालक

**३.२ पदाधिकारीहरु :**

१. श्री कृष्णबहादुर अधिकारी प्रमुख कार्यकारी अधिकृत
२. श्री समता पन्त नि. नायब प्रमुख कार्यकारी अधिकृत

**३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :**

१. श्री मुक्ति रमण पराजुली लेखा अधिकृत
महालेखा नियन्त्रक कार्यालय, ऋण लगानी शाखा
(प्रतिनिधि, शेयरधनी नेपाल सरकार)

## ४. गणपूरक संख्या तथा शेयरधनीहरुको उपस्थिति :

| विवरण | कुल संख्या | जम्मा उपस्थित | | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|
| | | भिडियो कन्फ्रेन्स/ वेविनार | स्वयं उपस्थिति | |
| शेयरधनीको संख्या | ५४,४९५ | ५७ | २३ | ५५.२२ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ११,२८,२८,२०२ | ६३०९७१ | ६१६७२९६४ | |

## ५. सभाको वैधानिकता र सभापतित्व :

कम्पनी सचिव श्री केशव प्रसाद भण्डारीले सभा स्थलमा स्वयं उपस्थित र भिडियो कन्फ्रेन्स/वेविनार (Virtual Zoom Meeting) मार्फत सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा हार्दिक स्वागत अभिवादन तथा उच्च सम्मान व्यक्त गर्नुभयो । कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड तथा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको निषेध आदेशको पालना गर्दै प्रविधि मार्फत शेयरधनीको उपस्थिति र सहभागिता सुनिश्चित हुने गरी यस बैंकको विशेष साधारण सभा भिडियो कन्फ्रेन्स/वेविनार (Virtual Zoom Meeting) को माध्यमबाट बोलाइएको जानकारी गराउनु भयो ।

त्यस्तै कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावली अनुसार साधारण सभाको लागि गणपूरक संख्या, बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप कम्पनीको **कुल शेयर ११,२८,२८,२०२ कित्ता मध्ये ६,१६,७२,९६४** शेयर कित्ता धारण गरेका २३ जना शेयरधनीहरु स्वयम् उपस्थित तथा **६,३०,९७१** शेयर कित्ता धारण गरेका **५७** जना शेयरधनीहरु भिडियो कन्फ्रेन्स/वेविनार (Virtual Zoom Meeting) मार्फत

उपस्थित हुनु भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सभाको गणपूरक संख्या पुगेकोले सभा वैधानिक भएको जानकारी सभा समक्ष गराउनु भयो ।

तत पश्चात् सभालाई औपचारिक रुपमा अगाडि बढाउन विशेष साधारण सभाको सभापतित्व गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूलाई अनुरोध गर्नु भयो र अध्यक्षले सभाको सभापतित्वता ग्रहण गर्नुभयो । कम्पनी सचिवले बैंकको सञ्चालक समितिका सदस्यहरु, बैंकका पदाधिकारीहरु, प्रतिनिधि तथा पर्यवेक्षकहरुलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्न र सभामा सक्रिय सहभागिताका लागि अनुरोध गर्नुभयो । आसन ग्रहणको कार्यक्रम पश्चात कम्पनी सचिवले सभामा छलफल हुने विशेष प्रस्तावहरुको जानकारी सभा समक्ष गराउनु भयो र सञ्चालक समितिको तर्फबाट विशेष साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्दै सभाको शुरुवात गर्न सभाका सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

**६. प्रतिवेदनको प्रस्तुति :**

सभाका सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीले सहभागी सबै शेयरधनी महानुभावहरु, प्रतिनिधि, पर्यवेक्षक तथा पत्रकारहरुलाई स्वागत अभिवादन व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट विशेष साधारण सभाको प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, विशेष साधारण सभामा प्रस्तुत प्रस्तावहरु आवश्यक छलफल गरी पारित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई अनुरोध समेत गर्नुभयो ।

**७. छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरु :**

विशेष साधारण सभामा प्रस्तुत प्रस्ताव तथा विषयहरु उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरुको नामवली :

सभा स्थलमा स्वयं उपस्थित भई छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरु :

१. उद्धव प्रसाद घिमिरे
२. डमरु बल्लभ घिमिरे
३. शिव प्रसाद पौडेल
४. इन्द्र कृष्ण श्रेष्ठ
५. चन्द्र नारायण श्रेष्ठ
६. रामचन्द्र पोखरेल
७. मुक्ति रमण पराजुली

भिडियो कन्फ्रेन्स/वेविनार (Virtual Zoom Meeting) मार्फत छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरु :

१. अर्जुन कुमार ढुंगेल
२. रोज कुमार श्रेष्ठ
३. महेन्द्र श्रेष्ठ

**८. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका जिज्ञासा एवं सुझावको सारांश :**

छलफलको कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्वका सम्बन्धमा उच्च अदालत पाटनको फैसला कार्यान्वयन गर्ने सिलसिलामा

आयोजना गरिएको विशेष साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै निम्न बमोजिमका जिज्ञासा एवं सुझाव व्यक्त गर्नुभयो ।

क. बैंकको व्यवसाय तथा सेवा प्रवाहमा कोरोना भाइरस (कोभिड-१९) को असरका सम्बन्धमा जिज्ञासा ।
ख. कोरोना भाइरस (कोभिड-१९) को कारणबाट संक्रमित कर्मचारीहरुको विवरणका सम्बन्धमा जिज्ञासा ।
ग. नियमित वार्षिक साधारण सभा चाँडो गर्न सुझाव ।
घ. निष्कृय कर्जा नगन्य अंकमा घटेकोले थप घटाउन सुझाव ।
ङ. अघिल्लो आर्थिक वर्षको तुलनामा आ.व. २०७६/७७ मा लगानीमा देखिएको उच्च बृद्धिका सम्बन्धमा जिज्ञासा ।
छ. Return on Assets (ROA) मा बृद्धि गर्न सुझाव ।
ज. कोरोना भाइरस (कोभिड-१९) को कारण समयमा उठ्न नसकेको ब्याज तथा बक्यौता उठाउने सम्बन्धमा बैंकको रणनीतिका सम्बन्धमा जिज्ञासा ।
झ. विशेष साधारण सभा आयोजना गर्नुको औचित्यताको सम्बन्धमा जिज्ञासा ।

## ९. शेयरधनीहरुको जिज्ञासा एवं सुझाव उपर प्रतिउत्तर :

### क. प्रमुख कार्यकारी अधिकृतबाट प्रतिउत्तर :

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षको अनुमतिले छलफलमा सहभागी शेयरधनी महानुभावहरुले राख्नुभएका बैंक व्यवस्थापन तथा सञ्चालनसँग सम्बन्धित जिज्ञासा एवं सुझावका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम प्रत्युत्तर दिनुभयो ।

- ❖ प्रत्युत्तरका क्रममा कोरोना भाइरस (कोभिड-१९) का कारण बैंकको व्यवसायमा असर पुग्न गई कर्जा विस्तार लक्ष्य अनुरुप गर्न नसकिएको साथै नेपाल राष्ट्र बैंकको स्प्रेड नीतिको परिपालना गर्नुपर्ने कारण आ.व.२०७६/७७ मा बैंकको नाफामा ह्रास आउन गएको जानकारी गराउनु भयो ।
- ❖ नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति अनुरुप कर्जा पुनरसंरचना, पुनतालिकीकरण, ब्याज छुट लगायत पुनर्कर्जा सुविधा प्रदान गरी कोरोना भाइरस (कोभिड-१९) ले बढी असर पुऱ्याएका क्षेत्रहरु पुनरुत्थान गर्न बैंकले आफ्नो योगदान गरिरहेको व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो ।
- ❖ यस्तो विषम परिस्थितिमा पनि कुनै न कुनै रुपले बैंकले आफ्नो सेवा निरन्तर प्रवाह गर्न सफल भएको, कर्मचारीहरु संक्रमित हुने, निको हुने क्रम चलिरहेको जानकारी गराउनु हुँदै घरमा आइसोलेसनमा बस्न सम्भव नहुने कर्मचारीहरुको हकमा होटलमा बस्ने व्यवस्था मिलाइएको कुरा व्यक्त गर्नुभयो ।
- ❖ निष्कृय कर्जा घटाउने सम्बन्धमा विगतमा प्रतिबद्धता जनाइए अनुरुप निष्कृय कर्जा घटाउने रणनीति बनाइएपनि वर्तमान परिस्थितिमा सो कार्यान्वयन गर्न नसकिएको विचार व्यक्त गर्दै पुराना कर्जाहरुको Recovery Action परिस्थिति सहज हुने वित्तिकै द्रुत गतिमा अगाडि बढाउने दिने विचार राख्नुभयो ।

- ❖ बैंकमा रहेको Idle Fund लाई तात्कालिन समयमा बढी प्रतिफल दिने नेपाल सरकारको Treasury Bond मा लगानी गरिएको जानकारी गराउनुहुँदै लगानी पूर्ण रुपमा सुरक्षित रहेको विचार व्यक्त गर्नुभयो ।
- ❖ २०७७ आषाढ मसान्तमा असुल उपर गर्नुपर्ने ब्याज मध्ये करिब ९० प्रतिशत असुल उपर गर्न बैंक सफल भएको व्यहोरा जानकारी गराउनु भयो ।

साथै, अघिल्लो वर्षमा बैंकमा आन्तरिक नीति निर्माण, संशोधनमा धेरै काम भएको, शाखा सञ्जालमा उल्लेख्य विस्तार गरिएको र बैंकको काम कारबाहीमा प्रणालीगत सुधार गर्दै सेवा प्रवाहलाई थप गतिशिल, सुरक्षित बनाउने दिशामा बैंक अगाडि बढेको व्यहोरा अवगत गराउनु भयो । त्यस्तै, डिजिटलाइजेशन तथा Core Banking System (CBS) upgrade गर्ने दिशामा काम गरिरहेको जानकारी गराउनु हुँदै आगामी दिनमा बैंकको कार्य संस्कृति, कार्यशैली तथा कार्य प्रणालीमा थप सुधार गर्न कटिबद्ध भएर लाग्ने विचार व्यक्त गर्नुभयो ।

**ख. सञ्चालक समितिको तर्फबाट प्रतिउत्तर :**

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षले छलफल कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले बैंकलाई अझ बढी प्रतिस्पर्धी बनाउनका लागि दिनुभएका विभिन्न अमूल्य र मननीय सुझाव तथा सल्लाहका लागि हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै, यस्तो विषम परिस्थितिमा समेत आजको यस विशेष साधारण सभामा सहभागी हुनुभएकोमा धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुले राख्नुभएका सुझाव तथा सल्लाहहरु क्रमश: कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सम्मानित अदालत पाटनबाट भएको फैसला कार्यान्वयन गर्न साथै सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व सुनिश्चितताका लागि विशेष साधारण सभा आयोजना गर्नुपरेको जानकारी गराउनु भयो । कोरोना भाइरस (कोभिड-१९) को कारणबाट बाह्य लेखापरीक्षणको कार्य केही प्रभावित भएतापनि समयमा नै बैंकको वार्षिक साधारण सभा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

**१०. सभाको निर्णय :**

<u>विशेष प्रस्ताव तर्फ</u> :

१. यस बैंकको सञ्चालक समितिमा सञ्चालकको प्रतिनिधित्व सम्बन्धी साविकको व्यवस्थामा परिवर्तन गरी नेपाल सरकारबाट मनोनित हुने ४ (चार) जना सञ्चालकबाट घटाई ३ (तीन) र सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित हुने २ (दुई) जना सञ्चालकबाट बृद्धि गरी ३ (तीन) कायम गर्न नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो । साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीलाई समयानुकूल अद्यावधिक गर्नुपर्ने भएकोले संलग्न तीन महले प्रस्ताव बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीका अन्य व्यवस्थामा संशोधन/थपघट गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।

२. बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अन्त्यमा, सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्षले बैंकप्रति विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडियस एण्ड क्लियरिङ लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, बैंकका सम्पूर्ण कर्मचारीहरु तथा बैंकसँग प्रत्यक्ष वा परोक्ष रुपमा हित गाँसिएका संघसंस्था तथा सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभाको समापन गर्नु भयो ।

| | |
|---|---|
| .................... | .................... |
| वासुदेव अधिकारी | केशव प्रसाद भण्डारी |
| अध्यक्ष | कम्पनी सचिव |
| सञ्चालक समिति | सञ्चालक समिति |